## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०४/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन कार्यालय प्रमुख, ईन्जिनियर **राजीव कुमार सिंह** समेत ४ जना मु.नं (०८२-CR-००७७) फैसला मिति २०८३/०३/०२ | सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी तथा मासी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन केन्द्र प्रमुख राजीव कुमार सिंह र तत्कालीन सहायक लेखा अधिकृत (स्टोर प्रमुख) लोक प्रसाद काफ्लेले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको हुँदा बिगो रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिईएको देखियो।<br>• **कान्तिपुर सेक्युरिटी सर्भिस प्रा.लि., काठमाडौंका सेक्युरिटी गार्ड राम कुमार पुर्जा र हेम शर्मा रिमालले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधारमानी प्रतिवादीहरु राम कुमार पुर्जा र हेम शर्मा रिमाललाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोप पत्र दायर भएको देखिन्छ।विशेष अदालतबाट फैसला हुँदा, सम्पूर्ण प्रतिवादीहरुले | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• नेपाल विधुत प्राधिकरण, पोखरा वितरण केन्द्रका सहायक लेखा अधिकृत प्रतिवादी लोकप्रसाद काफ्लेले तार हराएको विषयमा समयमै कार्यालय प्रमुख समक्ष जानकारी गराएको र प्रतिवादी राजीव कुमार सिंहले तत्काल छानविन समिति गठन गरी प्रहरीलाई समेत जानकारी गराएको देखिनुले निजहरूको कर्तव्य पालनातर्फ सक्रियता देखिएको।<br>• सुरक्षा कम्पनीबाट सुरक्षामा भएको लापरबाहीको जिम्मा लिदै हिनामिना भएको तारको परिमाणको निर्धारित मूल्य विद्युत प्राधिकरण पोखरा शाखाको नाममा रहेको बैक खातामा सम्पूर्ण रकम जम्मा भई सो को बैक भौचर मिसिल संलग्न रहेको अवस्थाले समेत प्रस्तुत घटनामा सुरक्षामा लापरबाही भएको देखिए पनि भ्रष्टाचार गर्ने मनसायले प्रतिबादीहरु एकआपसमा मिली नेपाल बिद्युत प्राधिकरण सार्बजानिक संस्थाको सम्पती हिनामिना गरेको अनुचित लाभ लिएको खाएको र भ्रष्टाचार गरेको पुष्टि हुन नआएको।<br>• प्रतिवादीहरू राजीव कुमार सिंह, लोकप्रसाद काफ्ले, रामकुमार पुर्जा र हेम शर्मा रिमालले आपसी मिलेमतो वा बदनियतपूर्वक आरोपदाबी बमोजिमको तार बदनियतपूर्ण तरिकाले हानीनोक्सानी गरेको भन्ने कुरा शंकारहित तरिकाले (beyond reasonable doubt) प्रमाणित हुन सकेको अवस्था नदेखिएकोले | • नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन केन्द्र प्रमुख राजीव कुमार सिंह, सहायक लेखा अधिकृत (स्टोर प्रमुख) लोक प्रसाद काफ्ले, सेक्युरिटी गार्डहरु राम कुमार पुर्जा र हेम शर्मा रिमालको समेत आपसी मिलोमतो तथा योजनामा नेपाल विद्युत प्राधिकरण,पोखरा वितरण केन्द्रको ९०० मिटर तामाको जम्मा बिगो रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसाँ) बराबरको सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी तथा मासेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन केन्द्र प्रमुख राजीव कुमार सिंह उक्त केन्द्रमा मिति २०७९/११/१० मा पहिलो पटक हाजिर भएको निजको रमाना पत्र र हाजिरी किताबबाट प्रष्ट देखिन्छ। उक्त केन्द्रका साविकका केन्द्र प्रमुख ऋषि कुमार बरनवालबाट केन्द्र प्रमुख राजीव कुमार सिंहले मिति २०७९/११/१२ मा नेपाल विद्युत प्राधिकरण,पोखरा वितरण केन्द्रको बरबुझारथ गरी कार्य जिम्मेवारी लिएको समेत देखिन्छ। बरबुझारथ गर्दाका तत्कालीन समयका साविक र हालका केन्द्र प्रमुख बीच बरबुझारथ हुँदा कुनै कैफियत रहे भएको देखिदैन। सो केन्द्रमा कार्यरत कर्मचारी लेखापाल ठगेश्वर भण्डारीले आफ्नो जिम्मामा रहेका प्राधिकरणको नगदी, जिन्सी, कागजातपत्र र विवरणहरु पोखरा वितरण केन्द्रका सहायक लेखा अधिकृत लोकप्रसाद काफ्लेलाई तत्कालीन केन्द्र प्रमुख ऋषि कुमार बरनवालको रोहबरमा मिति २०७९/११/१० मा बरबुझारथ गरेको समेत देखिन्छ। हेम्जा सब स्टेशनबाट आ.व. २०७९/०८० को माघ देखि बैशाख सम्म माग भई आएका माग फारम पेश गर्नुहुन भनि पत्राचार गरिएकोमा हेम्जा सब स्टेशनबाट मिति २०७९/१२/२० मा 80 mm Dia Earth Electrode -4 No.s , 25*3mm Copper Strip-9kg , Earthing Chemical Compound- 100Kg र Cable Shoes 50sqmm- 8 No.s को माग फारम प्राप्त भएको देखिन्छ। नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रको स्टोर फाँटमा रहेको रेकर्ड अनुसार स्टोर फाँटबाट हराएको भनिएको तार मिति २०७७/०६/३० मा ट्रान्स्फर भई जिन्सी आम्दानी बाधिएको, हिनामिना भएको ७० मिमि. को तार १७४ मिटर र १२० मिमि. को तार ७४६ मिटर मौज्दात बाँकी रहँदा हराएको जानकारी स्टोरबाट मिति २०८०/०१/०५ मा प्राप्त भएको देखिन्छ। साथै, उक्त तारको सम्बन्धमा आ.व. २०८०/०८१ को जिन्सी निरीक्षण प्रतिवेदनमा सामान नभेटिएको भनि उल्लेख गरिएको देखिएबाट उक्त तार प्रतिवादीहरुको कार्यकालमा आपसी मिलेमतो तथा योजनामा हराएको देखाई सार्वजनिक सम्पतिको हिनामिना हानिनोक्सानी गरेको तथ्य पुष्टि भई रहेको देखिदा देखिदै विशेष अदलतबाट यि प्रतिवादीहरुको तत्कालिन जिम्मेवारी र निजहरुले गरेको बदनियत तथा लापरवाहीपुर्ण कार्यको विवेचना नगरि प्रतिवादिहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• उक्त तार हराएको विषयमा नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रका ई. लक्ष्मीकेशर आगन्जाको संयोजकत्वमा गठित छानविन कमिटीले पेश गरेको **छानविन प्रतिवेदन**मा मिति २०७९/११/२१ मा गेटपास नं. २९४ बाट २८ मिटर तार खर्च काटी ठेकेदारले लगेको तर पछि सो परिमाणको तार मौखिक निर्देशनको आधारमा स्टोर फिर्ता गरिएको, उक्त स्टोर फिर्ता परिमाणको तार पनि नभेटिएको, **हराएको तारहरुको परिमाण धेरै भएको हुँदा कम्पाउण्ड बाहिर लैजान मेशिन उपकरणहरुको प्रयोग भएको हुनुपर्ने** अवस्था रहेको देखिदा उक्त समयमा स्टोरकिपर, सुरक्षागार्ड कार्यालय प्रमुख समेतको **योजनावद्ध मिलेमतोमा** ७० mmsq १७४ मिटर तारको मूल्य रु.२,००,६७१।२५ र १२० mmsq ७४६ मिटर तारको मूल्य रु. ११,९२,९३१।७८ गरी कुल रकम **रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैया तीन पैसा मात्र)** परिमाणको तारहरु स्टोरमा नदेखिई नोक्सान भएको देखिएको भन्ने समेत ब्यहोराको प्रतिवेदन पेश भई निज प्रतोवेदन नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशानलयबाट नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ। | प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने। | कार्यालयका सहायक निर्देशक लक्ष्मी सुवेदी देव समेतले उक्त प्रतिवेदन ब्यहोरालाई समर्थन गरि बकपत्र गरेको देखिदा यि प्रतिवादीहरु बिरुद्धको कसूर बकपत्र द्धारा स्थापित भई रहेको देखिदा देखिदै सो तथ्य प्रमाणलाई ग्रहन नगरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• त्यसैगरी, **नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को परिच्छेद ६ विनियम ३४ को बुँदा (१)** मा प्राधिकरणको चल र स्थिर सम्पत्ती तथा निर्माण कार्य प्रगतीमा रहेको सम्पत्तीको जिम्मा र सो को हानी नोक्सानी नहुने गरी संरक्षण र संभार गर्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ भनी स्पष्ट कानुनी व्यवस्था भएकोमा केन्द्र प्रमुख राजीव कुमार सिंहले उक्त प्राधिकरणको नियमावली बमोजिमको आफ्नो उत्तरदायित्व तथा जिम्मेवारी जानी बुझी गैरकानूनी लाभका लागि पूरा गरेको नदेखिएको, त्यसैगरी **आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० नियम ९४** मा सरकारी सम्पत्तीको जिम्मा र संरक्षण भित्र उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेष्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहनेछ भनी स्पष्ट रूपमा कानुनी व्यवस्था गरेकोमा प्रतिवादी लोक प्रसाद काफ्लेले अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा बदनियत राखी आफू जिम्माको सार्वजनिक सम्पत्तीको हिनामिना हानिनोक्सानी तथा मासी नोक्सानी पुर्याएको तथ्य थपपुष्टि भएको देखिन्छ। सुरक्षा गार्डहरू हेम शर्मा रिमाल र राम कुमार पुर्जा डिउटीमा खटिएको अवस्थामा नै स्टोरको कम्पाउण्डबाट कार्यालयको ९०० मिटर तामाको तार हिनामिना भएको अवस्था देखिदा निजहरुको प्रत्यक्ष संलग्नतामा पोखरा वितरण केन्द्रको ९०० मिटर ठूलो परिमाणको तामाको तार कम्पाउण्ड बाहिर लैजान सुरक्षा गार्डहरूको सहयोग मद्दत विना संभव नदेखिदा मेशिन उपकरणहरुको प्रयोग भई योजनावद्ध तवरबाट यि प्रतिवादीहरुको मिलेमतो तथा योजनाबाट बदननियतपूर्ण ढंगले उक्त तार हिनामिना तथा मासेको तथ्य स्थापित भई रहेको देखिन्छ। यसै गरि मिति २०७९/११/२१ सम्म १२० मिमि. को तार ७४६ मिटर र मिति २०७९/१०/२७ गते सम्म ७० मिमि. को तार १७४ मिटर स्टोरमा रहेको भन्ने नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रको Stock Ledger अभिलेखबाट देखिएकोमा मिति २०८०/०१/०५ गते उक्त सार्वजनिक संस्थाको सम्पत्ति तार नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्र कोत्रे पोल प्लान्ट स्थित स्टोरमा रहेको नदेखिदा उक्त तारको नोक्सानी वापत कायम भएको विगो जम्मा रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसाँ) बराबरको सार्वजनिक सम्पत्ती यि प्रतिवादीहरुको आपसी मिलेमतो तथा योजनामा हिनामिना हानिनोक्सानी तथा मासेको तथ्य स्थापित भएको देखिदा देखिदै सो तथ्यको उपेक्षा गरि प्रतिवादीहरुलाई आरोप दावीवाट उन्मुक्ति हुने गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>• नेपाल विद्युत प्राधिकरणका तत्कालीन केन्द्र प्रमुख राजीव कुमार सिंहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा हराएको भनिएको तामाको तार मिति २०७९/११/११ मा हेम्जा सब स्टेसनमा आवश्यक भई माग्दा स्टोर मौज्दात भएतापनि भौतिक रुपमा फेला नपरेको भन्ने समेत ब्यहोरा खुलाएको देखिन्छ। निजले तत्कालै घट्नाको छानविन गर्ने गराउने तथा जाहेरी दिई अनुसन्धान कार्य अगाडी बढाउनु पर्ने कुरा जानी बुझी बदनियतपूर्वक नगरी नगराई कसूर सजायबाट बच्न घट्ना लुकाई बसेको देखिन्छ। नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका सहायक लेखा अधिकृत लोक प्रसाद काफ्लेले मिति २०७९/११/१० मा प्राधिकरणको स्टोरको जिन्सी समेतको जिम्मा बुझिलिएको र प्राधिकरणको उक्त ९०० मिटर तार हराएको सम्बन्धमा तत्कालीन भण्डार प्रमुख लोक प्रसाद काफ्लेले २०८०/०१/०५ मा निवेदन दिएपश्चात मात्रै छानविनको प्रक्रिया शुरु गरेको देखिँदा केन्द्र प्रमुख राजीव कुमार सिंहले बदनियत राखी घट्ना भएको धेरै समय पछि कानूनी कारवाहीबाट उम्किने बदनियतले बाध्य भएपछि मात्र मिति २०८०/०१/११ मा जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिएबाट निज राष्ट्रसेवकहरुको बदनियत पुष्टि भएको अवस्थामा निजहरुलाई सफाई दिने गरी भएको फैसला बदरभागी छ।<br>• विशेष अदालतबाट फैसला गर्दा, सुरक्षा कम्पनीबाट सुरक्षामा भएको लापरबाहीको जिम्मा लिदै हिनामिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको तारको परिमाणको निर्धारित मूल्य विद्युत प्राधिकरण पोखरा शाखाको नाममा रहेको बैक खातामा सम्पूर्ण रकम जम्मा भई सो को बैक भौचर मिसिल संलग्न रहेको अबस्थाले समेत प्रस्तुत घटनामा सुरक्षामा लापरबाही भएको देखिए पनि भ्रष्टाचार गर्ने मनसायले प्रतिबादीहरु एकआपसमा मिली नेपाल बिद्युत प्राधिकरण सार्बजानिक संस्थाको सम्पती हिनामिना गरेको अनुचित लाभ लिएको खाएको र भ्रष्टाचार गरेको पुष्टि हुन नआएको भन्ने आधार लिएको देखिएतापनि प्रस्तुत मुद्दामा हराएको भनिएको तार सुरक्षाकर्मीको मात्र जिम्मेवारिमा नभई यी प्रतिवादीहरुले समेतको जिम्मेवारीमा रहेको तथ्य **नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को परिच्छेद ६ विनियम ३४ को बुँदा (१)** मा उल्लेखित प्राधिकरणको चल र स्थिर सम्पत्ती तथा निर्माण कार्य प्रगतीमा रहेको सम्पत्तीको जिम्मा र सो को हानी नोक्सानी नहुने गरी संरक्षण र संभार गर्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ भन्ने कानुनी व्यवस्था र **आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० नियम ९४** मा सरकारी सम्पत्तीको जिम्मा र संरक्षण भित्र उपनियम (३) मा उल्लेखित जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेष्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहनेछ भन्ने कानुनी व्यवस्था समेतको आधारमा नोक्सानी भएको उक्त तारको जिम्मेवारी तथा जवाफदेहिता यि प्रतिवादी समेत रहेको तथ्य स्पष्ट भई निजहरु कै मिलेमतोमा सार्वजनिक सम्पत्तिको हिनामिना भएको भन्ने तथ्य स्थापित भएको अवस्थामा सोको न्यायिक विस्लेषन नगरि सुरक्षा कम्पनीबाट सुरक्षामा लापरबाही भएको तथ्यलाई स्वीकार गरि हिनामिना भएको तारको परिमाणको निर्धारित मूल्य विद्युत प्राधिकरण पोखरा शाखाको नाममा रहेको बैक खातामा सम्पूर्ण रकम जम्मा भई सकेको भन्ने आधार लिइ प्रतिवादीहरुलाई आरोपपत्र दावीवाट सफाई हुने ठहर गरि भएको विशेष अदालत काटमाण्डौको फैसला **श्री सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार (ने.का.प.२०७७, अंक १, निर्णय नं.१०४१५) मा प्रतिपादित** "कुनै कसुर गरेको कारण कानुनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्दैन। फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरु फरक फरक दायित्वहरु हुन। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरु बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रुपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व बहन गर्दा पर्याप्त हुने भनी व्यख्या गर्न नमिल्ने। कसूर गरेको समयमा कसूरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ। कसूर गरेको भनी लगाईएको अभियोग दावी प्रमाणबाट समर्थित भईसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएकोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरुबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने..." नजिर सिद्धान्त समेतको प्रतिकुल देखिदा बदरभागी छ।<br>• **अतः** माथी उल्लेखित आधार कारण, कानूनी ब्यवस्था तथा नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरु राजीव कुमार सिंह, लोकप्रसाद काफ्ले, रामकुमार पुर्जा र हेम शर्मा रिमाललाई आरोप दावी वमोजिम सजाय गर्न पर्नेमा उक्त प्रमाणहरुको विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भए बिशेष अदालतको त्रुटीपुर्ण फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावीबमोजिम सजाय गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |